# सिकौँ ! केयरगिभिङको जापानी भाषा ・ अन्तर्क्रिया कार्यक्रम



## चिबा प्रान्त विदेशी केयर वर्कर सहायता केन्द्र २०२६को पहिलो अन्तरक्रिया कार्यक्रम

**कार्यक्रम हुने मिति**

## २०२६ जुलाई २२ (बुधबार)

**१३:३० ～ १७:००（दर्ता: १३:००～）**

केयर वर्कर तालिम केन्द्रहरूमा कार्यरत विदेशी कर्मचारीहरू तथा केयर पेशा लक्ष्य गर्ने अन्तर्राष्ट्रिय विद्यार्थीहरूले संस्थागत सीमाभन्दा बाहिर गएर आपसी सम्बन्ध गहिरो बनाउन, साथै केयर कार्यस्थलमा आवश्यक पर्ने जापानी भाषामा संवाद गर्ने तरिका, ‘केयरसम्बन्धी जापानी भाषा’, ‘यातायात नियम’ र ‘अन्तरक्रिया शिष्टाचार’ जस्ता कामका लागि अनिवार्य विषयहरू सिकाउने उद्देश्यले यो अन्तरक्रिया तथा अध्ययन कार्यक्रम आयोजना गरिएको छ।

**निःशुल्क सहभागिता**
**४० जना सीमित**

**कार्यक्रम विवरण**

### कार्यक्रम

- ○ कम्युनिकेशन कार्यशाला
- ○ 【प्रशिक्षण】केयरगिभिङका लागि जापानी भाषा अध्ययन
- ○ सहभागीहरूबीच अन्तर्क्रिया र कुराकानी
- ○ 【प्रशिक्षण】यातायात सुरक्षा कक्षा



### कार्यक्रम स्थल

होटेल पोर्ट प्लाजा दोस्रो तल्ला 「लबी」
JRकेइयो सेन चिबातोशी मोनोरेल「चिबा मिनातो स्टेसन」बाट करिब १ मिनेट पैदल
केइसेइ सेन 「शिन–चिबा स्टेसन」बाट करिब १० मिनेट पैदल

会場

सम्पर्क ・ आवेदन
चिबा प्रान्त विदेशी केयर वर्कर सहायता केन्द्र
**फोन 043-306-2782**
HP https://cfcc.jp/
supportcenter@chibakenshakyo.com

Web

# चिबा प्रान्त विदेशी केयर वर्कर सहायता केन्द्र प्रथम अन्तर्क्रिया • अध्ययन कार्यक्रम

## 1 कम्युनिकेशन कार्यशाला
**प्रशिक्षक** होत्तो स्पेस ईनागे पेकोरिनो

आफ्नो परिचय लगायतका गतिविधिहरू समावेश गरी, सहभागीहरू एक–अर्कासँग सहज रूपमा घुलमिल हुन सकून् भन्ने उद्देश्यले जापानी भाषा प्रयोग गरिएको सरल कार्यशाला सञ्चालन गरिनेछ।

## 2 केयरगिभिङका लागि जापानी भाषा अध्ययन
**प्रशिक्षक** होत्तो स्पेस ईनागे पेकोरिनो

सामान्य कुराकानी मात्रले सिक्न नसकिने, केयर कार्यस्थलमा आवश्यक हुने प्राविधिक शब्दहरू, बोलिचालीका भाषाभन्दा फरक हुने पढाइ-लेखाइका अभिव्यक्तिहरू जस्ता, सजिलै ठोक्किन सकिने जापानी भाषाका बुँदाहरूको व्याख्या गरिनेछ। हामीसँगै अध्ययनका महत्वपूर्ण कुराहरू सिकौँ।

## 3 सहभागीहरूबीच ≪ अन्तर्क्रिया ・ कुराकानी ≫
＊ हामीले मिठाई र पेय पदार्थहरू तयार गर्नेछौँ।
（सायद तपाईंको देशका परिकारहरू पनि हुन सक्छन्）

संस्थामा काम गर्दाका अनुभवहरू वा दैनिक जीवनका हालखबरहरूबारे सबैले सहज रूपमा गफगाफ गरौँ।

## 4 यातायात सुरक्षा कक्षा
**प्रशिक्षक** केन्द्रीय प्रहरी कार्यालय

दुर्घटनामा नपरियोस्, दुर्घटना हुन नदिई सुरक्षित रूपमा बसोबास गर्न सकियोस्, र यदि दुर्भाग्यवश दुर्घटना भए पनि नअतालिनुहोस् भन्ने उद्देश्यले, जापानका यातायात नियम, यातायात शिष्टाचार तथा दैनिक जीवनमा ध्यान दिनुपर्ने कुराहरूलाई फेरि एकपटक राम्रोसँग बुझौँ।

## आवेदन फारम
**आवेदन दिने अन्तिम मिति : २०२६ जुलाई १३ （सोम）**

- तलका विवरण भरि फ्याक्स वा इमेलमार्फत पठाउनुहोस्।
  (यदि ईमेलमा तलको विवरण लेखि पठाउनुभएमा यो फारम नपठाए पनि हुनेछ ।)
- आवेदन प्राप्त भएको जानकारी आदि हामीले इमेलमार्फत पठाउने भएकाले, कृपया आफ्नो सम्पर्क विवरण अनिवार्य रूपमा लेख्नुहोस्।
- हाल कार्यरत संस्था वा विद्यालयको नाम लेखनु होस् ।
- कार्यरत संस्थाबाट आवेदन गर्ने ब्यक्तिले कार्यरत संस्थाको संबन्धित ब्यक्तिलाई सम्पर्क गर्नुहोला सथै तल संस्थाको नाम उल्लेख पनि गर्नुहोस् ।

**पठाउने ठेगान　FAX : 043-306-2795**

**इमेल : supportcenter@chibakenshakyo.com**

＊ राष्ट्रियता वा बसोबास अनुमति (भिसा) सम्बन्धी कुनै प्रतिबन्ध छैन।
तर, कार्यक्रमको सञ्चालन तथा कक्षा/व्याख्यान जापानी भाषामा गरिनेछ।

| | | | |
|---|---|---|---|
| (फुरिगाना)<br>थर / नाम | | राष्ट्रियता | भिसा |
| (फुरिगाना)<br>थर / नाम | | राष्ट्रियता | भिसा |
| (फुरिगाना)<br>थर / नाम | | राष्ट्रियता | भिसा |
| कार्यरत संस्था<br>•विद्यालयको नाम | | सस्थाको सबन्धित ब्यक्ति （नाम） | |
| इमेल | | सम्पर्क नम्बर | |

**गुगल फारममार्फत पनि आवेदन गर्न सकिन्छ।**
**＊दायाँपट्टिको QR कोड स्क्यान गरी, आवश्यक विवरण भरेर आवेदन गर्नुहोस्।**

申込

चिबा प्रान्त सामाजिक कल्याण परिषद्　चिबा प्रान्त विदेशी नर्सिङ केयर वर्कर सहायता केन्द्र
चिबा-शी, च्युओउ-कु, चिबा मिनातो 4-5
चिबाकेन स्याखाइ फुकुसी सेन्टर, पहिलो तल्ला
सम्पर्क नम्बर　043－306－2782　＜ https://cfcc.jp/ ＞

Web